# लोक सेवा आयोग
# जलेश्वर कार्यालय

जलेश्वर, महोत्तरी


## विद्यालय निरीक्षक/प्राविधिक अधिकृत पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. १२०/०८०-८१, मितिः २०८०/११/२४**

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको **विज्ञापन नम्बर १७३११-१७३१८/२०८०/०८१ (खुला तथा समावेशी) नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण/अंग्रेजी उपसमूह, रा.प. तृतीय श्रेणी, विद्यालय निरीक्षक/प्राविधिक अधिकृत** पदमा जलेश्वर परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा निम्न मिति र समयमा निम्न अनुसारको **तालिका १ र तालिका २** मा उल्लेख भए बमोजिमका परीक्षा भवनमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाणसहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ।तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा १(एक) घण्टा अगावै पुग्नु पर्नेछ। परीक्षार्थीहरूले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु **द्रष्टव्य**मा उल्लेख गरिएको छ।

**परीक्षा कार्यक्रम**

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | General Subject (General Awarness & General Reasoning Test) | बस्तुगत बहुवैकल्पिक ( Objective MCQs) | २०८०।१२।०८ गते बिहान ८:०० बजे | १ घण्टा ३० मिनेट |
| द्वितीय | General Technical Subject | विषयगत (Subjective) | २०८०।१२।०९ गते बिहान ८:०० बजे | ३ घण्टा |
| तृतीय (निरीक्षण) | Service-Group Specific Subject | विषयगत (Subjective) | २०८०।१२।१० गते बिहान ८:०० बजे | ३ घण्टा |
| तृतीय (अंग्रेजी) | Service-Group Specific Subject | विषयगत (Subjective) | २०८०।१२।१३ गते बिहान ८:०० बजे | ३ घण्टा |

क्रमश:

फोन नं.: ०४४-५२०१४७ website: www.psc.gov.np E-mail: jaleshwor@psc.gov.np

# लोक सेवा आयोग
## जलेश्वर कार्यालय
जलेश्वर, महोत्तरी

**तालिका १**

| क्र. सं. | उम्मेदवारहरुको रोल नं. | | संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | **लिखित परीक्षा भवन** २०८०।१२।०८, ९ र १० गते बिहान ८:०० बजे | | | |
| १ | १५०००१ | १५०१५० | १५० | विणा विद्या मन्दिर इ.बो. स्कूल, जलेश्वर |
| २ | १५०१५१ | १५०३६५ र बाँकी सबै | २१५ र बाँकी सबै | रा.वि.म. क्याम्पस, जलेश्वर |

**तालिका २**

| क्र. सं. | उम्मेदवारहरुको रोल नं. | | संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | **लिखित परीक्षा भवन** २०८०।१२।१३ गते बिहान ८:०० बजे, प्राविधिक अधिकृत, अंग्रेजी तृतीय पत्र | | | |
| १ | प्राविधिक अधिकृत, शिक्षा, शिक्षा प्रशासन, अंग्रेजी तर्फका सबै उम्मेदवारहरु | | ४० | लोक सेवा आयोग जलेश्वर कार्यालयको परीक्षा भवन |

**द्रष्टव्यः-**

१. लोक सेवा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

३. वस्तुगत बहुवैकल्पिक प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ।

४. वस्तुगत बहुवैकल्पिक प्रश्नमा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।

५. परीक्षा भवनमा झोला, मोवाइल फोन, स्मार्ट घडी र अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।

६. जलेश्वर परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरु बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरुलाई परीक्षामा सामेल गराईने छैन।

७. प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराइने छैन।

८. प्रवेश-पत्र सँगै आफ्नो नेपाली नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै एक परिचयपत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ।

९. परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।

(छक्कबहादुर वि.क.)
कम्प्युटर अपरेटर

(चेतनाथ पोखरेल)
शाखा अधिकृत

(चन्द्रकान्त निरौला)
उपसचिव